
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ३२ गते शुक्रबार ❑ 14 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## नीति कार्यक्रममा सञ्चार छुट्नु बलण्डर मिस्टेक, सरकारले माफी माग्नुपर्छ : खगराज अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ



नेकपा एमाले गण्डकी प्रदेश संसदीय दलका नेता तथा गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले गण्डकी प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रममा आमसञ्चारको विषय कतै उल्लेख नभएकोमा गम्भीर आपत्ति जनाउनुभएको छ। बिहीबार प्रदेश सभामा नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिदै उहाँले सरकारले माफी माग्नुपर्ने तहको कमजोरी गरेको बताउनुभयो।

मुख्यमन्त्रीसँगै भएको मन्त्रालयको विषय १ सय ९१ बुँदे नीति तथा कार्यक्रममा कतै नहुनुलाई सामान्य भन्न नसकिने उहाँको भनाई छ। 'मिस्टेक त होइन होला सरकार लोकतन्त्रको पनि अत्यन्त मसिहा ठान्छ आफूलाई' उहाँले भन्नुभयो । नेपाली कांग्रेस सञ्चारप्रति असहिष्णु बनेको हो भनेर भन्दा हतारो होला भन्ने लागेको भएपनि नीति कार्यक्रममा ठ्याक्कै नाम निसानानै नदेखिँदा त्यसलाई पुष्टी गरेको दावी गुर्नभयो ।'मैले चस्मा खोलेर पनि हेरे, लाएर पनि हेरे, त्यो विषय कही पनि उल्लेख छैन। किन यस्तो पर्न गयो? यथेष्टै पुगेको हो त? अज्ञानतावस होइन, ज्ञान नभएको भनौं भने न्याय इन्साफ नगरेको भन्नु होला' उहाँले सुनाउनुभयो।

लोकतन्त्रमा प्रेस महत्वपूर्ण भएको कारणले नै प्रेसलाई राज्यको चौथो अंग भनिएको हो भन्दै एमाले स्थायी कमिटी सदस्य समेत रहनुभएका अधिकारीले सञ्चारको विषय नआउनुलाई सामान्य रुपमा नलिएको प्रष्ट पार्नुभयो । 'सरकारले माफी माग्नु पर्ने तहको कमजोरी हो । यसप्रकारको बलण्डर मिस्टेक गर्न पाइदैन' उहाँले भन्नुभयो । त्यति ठुलो कमजोरी कहाँबाट भयो त्यसको खोजी गरिनुपर्ने उहाँको भनाई थियो । 'त्यस्तो बलण्डर कहाँबाट भयो ड्राफ्ट गर्नेले गऱ्यो की, प्रस्तुत गर्नेले गऱ्यो की, के भयो यसको खोजी नीति हुनैपर्छ। मैले सामान्य रुपमा लिएको छैन । अति असाधारण रुपमा लिएको छु' उहाँले थप्नुभयो । अर्को प्रसंगमा अधिकारीले योजना बैंक सम्बन्धी विषय संसदमा लुकाइएको दावी गर्नुभयो । योजना बैंक सम्बन्धी सरकारको धारणा के हो, कुन कुन योजना बैंकका नीति बने संसदले थाहा पाउनुपर्ने उहाँको भनाई थियो। 'योजना बैंक यो नीति तथा कार्यक्रम पास हुनुभन्दा पहिल्यै त्यो सम्बन्धी नीतिको डकुमेन्ट यो प्रदेश सभा माग गर्दछ, म जोडदिएर भन्न चाहन्छु' उहाँले भन्नुभयो । उहाँले संसदलाई लुकाएर हुने कार्य अमान्य र अस्विकार्य हुने खुलस्त पार्नुभयो । यो विषयमा सत्ता पक्षका सांसदलाई समेत थाहा नभएको भन्दै त्यसरी गरिने निर्णय कायार्यान्वयन हुन नदिई खारेज गरिने स्पष्ट गर्नुभयो । सार्वभौम संसदले थाहा पाउनुपर्ने विषयमा सरकारले खेलबाड गर्न नहुनेमा उहाँको जोड थियो।

पूर्व मुख्यमन्त्री अधिकारीले नीति तथा कार्यक्रममा देखिएका त्रुटि औल्याउदै, हटाउनुपर्ने र थप गर्नुपर्ने विषयका बारेमा समेत अवगत गराउनुभयो। गण्डकी प्रदेश सभामा जेठ २९ गते प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममाथिको छलफल बिहीबारबाट सुरु भएको हो।

## गण्डकीमा 'प्रदेश सरकारको साझेदारीः बाँझो रहन्न खेतबारी'

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

गण्डकी प्रदेश सरकारले ' प्रदेश सरकारको साझेदारीः बाँझो रहन्न खेतबारी' अभियान सञ्चालन गर्ने भएको छ।

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा बाँझो जग्गालाई उपयोगमा ल्याई उत्पादन वृद्धि गर्न हावापानी, भौगोलिक उपयुक्तता र सम्भाव्यताका आधारमा खाद्यान्न, फलफूल, तरकारी, मसला, घाँसेबाली, आषधिजन्य प्रयोगका निम्ति गाँजा, अकबरे खुर्सानी, टिमुर उत्पादनलाई प्रोत्साहन गरिने उल्लेख छ । नीति तथा कार्यक्रमअनुसार तुलनात्मक लाभ र उच्च मूल्य हुने अलैंची, तुलसीपत्र, अदुवा, बेसार, चिया, कफी, मह, छाला, पस्मिनाजस्ता निर्यातयोग्य वस्तुको उत्पादन र बजारीकरण प्रवर्द्धन कार्यक्रमलाई विस्तार गरिने छ। कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी कृषि बजारको सुनिश्चितताका लागि बहुसरोकारवालासँग समन्वय गरिने छ । यसैगरी, औषधिजन्य तथा उद्योगजन्य कच्चा पदार्थ उत्पादन प्रयोजनका लागि गाँजा खेतीको आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गरिने छ । उच्च पहाडी क्षेत्रमा स्याउ, ओखर र खुर्पानीलगायत अन्य सम्भावनायुक्त शीतोष्ण फलफूल बालीको बगैँचा स्थापना तथा विस्तारसम्बन्धी कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

आँप, लिची र केराको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नयाँ बगैँचा स्थापना र पुराना बगैँचाको सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइने उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले किवी, एभोकाडो, सिउँडी फल (ड्रागन फ्रुट), मेकाडेमिया नट जस्ता फलफूलको सम्भाव्यताको आधारमा क्षेत्र विस्तार गरिने योजना प्रदेश सरकारले तर्जुमा गरेको छ। कृषकको आयआर्जन र जीविकोपार्जनमा सुधार ल्याउन गण्डकी प्रदेशका ३४ वटा स्थानीय तहमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कार्यान्वयन गरिने तथा माटो परीक्षण तथा मलको गुणस्तर नियमनसम्बन्धी कार्यक्रमलाई सघन तुल्याउन 'मोबाइल माटो अस्पताल' सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

## मिसन-८४ मा एमाले कसैसँग मोर्चाबन्दी नगरी एक्लै चुनाव लड्छः अध्यक्ष ओली

**रासस**
काठमाडौं, ३१ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचन एमालेले एक्लै लडेर बहुमत ल्याउने दाबी गर्नुभएको छ।

बिहीबार भक्तपुरमा आयोजित एमालेको नवौँ जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारीको शपथग्रहण कार्यक्रममा उहाँले आगामी निर्वाचनमा एमालेले कोहीसँग पनि मोर्चाबन्दी नगर्ने स्पष्ट पार्नुभयो । एमालेसँग वैचारिक सङ्घर्ष गर्न नसक्नेहरुले एमालेमाथि प्रहार गरिरहेको बताउँदै पूर्वप्रधानमन्त्री रहनुभएका एमाले अध्यक्ष ओलीले चुनावमा एक्लै जान आँट नहुनेहरुले मोर्चाबन्दी गर्ने गरेको आरोप लगाउनुभयो। उहाँले आगामी निर्वाचनमा एमालेले कोहीसँग मोर्चाबन्दी नगरी एक्लै चुनावमा गएर बहुमत ल्याउने दाबी गर्नुभयो।

एमाले देशको निर्णायक शक्ति बन्न खोजेकाले त्यसो हुन नदिन चाहनेले एमालेविरुद्ध मित्थ्या आरोप लगाउने गरेको दाबी गर्नुभयो। अध्यक्ष ओलीले एमाले एक्लैले बहुमत ल्याउनेगरी मिसन-८४ को अभियानमा होमिएको भन्दै आफ्नो शक्तिमा बहुमत बनाउने, एकल बहुमत ल्याएर अरूलाई पनि औलामा डोऱ्याएर हिँड्ने र हातेमालो गरेर देशको विकासमा लम्किने बताउनुभयो।

अध्यक्ष ओलीले अध्यक्ष ओलीले फाटो ल्याउने, विभाजन र गुटबन्दी गर्नेलाई पार्टीभित्र ठाउँ नभएको बताउनुभयो । उहाँले पार्टीभित्र आन्तरिक सङ्घर्ष गरेर नभई एकताबद्ध भएर मिसन-८४ सफल पार्न निर्वाचितहरुलाई निर्देशन दिनुभयो।

## प्रभावकारी बन्दै मातृशिशु स्वास्थ्यमा हाते पुस्तिका

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ



गर्भवती आमा र बच्चाको स्वास्थ्यलाई प्राथमिकतामा राखेर बनाइएको मातृ तथा बाल स्वास्थ्य हाते पुस्तिका प्रभावकारी बनेको छ। हाते पुस्तिकामा आमा र बच्चाको स्वास्थ्य सुरक्षा, हेराचाह, वृद्धि, विकास सम्बन्धि जानकारी समावेश गरेर तयार पारिएको छ।

जापान सहयोग नियोग (जाइका) को पार्टनरसीप कार्यक्रम अन्तर्गत सिटीजन्स एशोसियसन फर नेपाल एक्सचेन्ज र पोखरा कोमागाने नागरिकमैत्री एशोसिएसनले आमा र बच्चाको दिगो स्वास्थ्यलाई प्राथमिकतामा राखेर मातृशिशु स्वास्थ्यका लागि अविछिन्न हेरचाह परियोजना सञ्चालन गरेको छ । अहिले परियोजना अन्तर्गत मातृ तथा बाल स्वास्थ्य हाते पुस्तिका वितरण गरिएको हो ।पोखरा महानगरपालिकाको वडा नम्बर वडा नम्बर १६, १९, २०, २५ र ३० मा यो परियोजना सञ्चालन भइरहेको छ।

परियोजनाले मातृशिशु मितेरी अस्पताललाई ५० र शिसुवा अस्पताल लेखनाथलाई ६० वटा हाते पुस्तिका हस्तानतरण गरेको छ। बिहिबार परियोजनाको आन्तरिक प्रतिवेदन प्रस्तुत कार्यक्रममा सहभागी अधिकांशले हाते पुस्तिका प्रभावकारी भएको बताएका हुन्। पोखरा-२५ हेम्जाकी स्वास्थ्य स्वयमसेविका लक्ष्मी अधिकारीले ज्ञानबर्द्धक भएकाले हाते पुस्तिका सबै गर्भवतीको हात हातमा पुऱ्याउन आवश्यक रहेको बताइन्। स्वास्थ्य कार्यालय कास्कीकी पब्लिक हेल्थ नर्स अधिकृत सम्झना ढुंगानाले प्रयोग गर्न सहज भएकाले परियोजनाको हाते पुस्तिका सेवाग्राहीले रुचाएको बताइन्। 'मातृ सेवा र बाल सेवा कार्डलाई मर्ज गरिएकाले परामर्श गर्न आवश्यक छ', उनले भनिन् । मातृशिशु मितेरी अस्पतालका मेडिकल सुपरिटेन्ट एवम स्त्रीरोग विशेषज्ञ डा. धर्मदेव ढकालले परियोजनाले नेपाल सरकारको मातृ शिशु मृत्युदर घटाउने लक्ष्यलाई पछ्याइरहेको उल्लेख गरे । परियोजना अस्पतालका लागि अवसर बनेको उनले बताए। 'हामीकहाँ काउनसिलिङका लागि छुट्टै रुम बनेको छ । यो नेपालमा अन्त कुनै अस्पतालमा छैन', उनले भने। स्वास्थ्य मन्त्रालय गण्डकीका स्वास्थ्य प्रशासक डा.रमेशकुमार केसीले यो परियोजना गण्डकी प्रदेशभर विस्तार गर्नुपर्ने बताए । त्यसका लागि संघीय सरकारसँग सहकार्य गर्नुपर्ने उनको भनाइ थियो । स्वास्थ्य मन्त्रालयका सचिव डा. विनोदविन्दु शर्माले पोखराका ५ वडामा स्वास्थ्य सेवा सुधार्न परियोजनाले सघाएको बताए । परियोजनालाई अझै विस्तार गर्नुपर्नेमा उनको जोड छ । मातृशिशु अस्पातल सञ्चालक समतिका अध्यक्ष कृष्ण थापाले जापनको कोमागाने सिटीको सहयोगमा अस्पताल सञ्चालनमा आएको स्मरण गरे । अहिले अस्पतालको प्रभाव क्षेत्रमा परियोजना सञ्चालन हुँदा गर्भवती महिलाको स्वास्थ्यमा सुधार ल्याउने काम गरेको उनको ठम्याइ छ । गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले मातृशिशु स्वास्थ्यका लागि अविछिन्न हेरचाह परियोजनालाई निरन्तरता दिनुपर्ने सुझाव दिए। उनले मातृशिशु मितेरी अस्पताल स्तरोन्नती गरेर ५० शैय्याको बनाउन लागेको बताए। नीति तथा कार्यक्रममा समेटको आगामी आर्थिक वर्षको बजेटबाट आवश्यक बजेट बिनियोजन गर्ने बताए । परियोजना अन्तर्गत सन् २०१५ देखि २०२० सम्म पोखरामा मातृशिशु स्वास्थ्यका लागि अविछिन्न हेरचाह परियोजनाको पहिलो र दोस्रो चरणको कार्यक्रम भइसकेको छ। २०२३ देखि सुरु भएको तेस्रो परियोजना २०२५ मा हस्तानतरण गर्ने लक्ष्य छ । तेस्रो चरणको परियोजनामा मातृ तथा बाल स्वास्थ्य हाते पुस्तिका, कवाते

बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा भेटेरिनरी अस्पताल सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

पोखरामा पशुपक्षीको उपचारका लागि मोडेल (नमूना) भेटेरिनरी अस्पताल सञ्चालनमा आएको छ । पोखरा महानगरपालिका-१२ मा नवनिर्मित अस्पतालको सुविधासम्पन्न भवनबाट बुधबारदेखि सेवा दिन सुरु गरिएको हो।

गण्डकी प्रदेश सरकारको लगानीमा कास्की तथा यस आसपासका जिल्लाबाट पशु उपचार तथा किसानलाई सहज भेटेरिनरी सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल भवन निर्माण गरिएको थियो । कास्कीसहित तनहुँमा समेत अस्पताल निर्माण भइरहेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेलेनवनिर्मितअस्पतालभवनबाट कुकुरको निःशुल्क बन्ध्याकरण शिविर सञ्चालन गरी सेवा प्रवाह सुरु गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार शिविरमा ६३ वटा कुकुरको बन्ध्याकरण गरिएको थियो। पशुपक्षी रोग अन्वेषण प्रयोगशालाका प्रमुख एवं वरिष्ठ पशु चिकित्सक डा किरण पाण्डे, भेटेरिनरी अस्पतालका चिकित्सक डा अनन्त कोइराला, डा आशिष गौतम, पोखरा महानगर पशु

बाँकी अन्तिम पृष्ठमा ▶▶

# यु-१५ विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा बागमती प्रथम, लुम्बिनी दोश्रो, गण्डकी तेश्रो

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

यु-१५ विद्यालय स्तरीय खेलकुद प्रतियोगिता २०८० मा बागमती प्रदेश प्रथम भएको छ । ३० वटा स्वर्ण पदकको लागि पोखरामा भएको ६ खेलको प्रतिष्प्रर्धामा बागमतीले ११ स्वर्ण, ६ रजत र ७ कास्य सहित २४ पदक जित्दै प्रथम स्थान हासिल गर्न सफल भएको हो ।




त्यसै गरी प्रतियोगितामा लुम्बिनी प्रदेश दोश्रो र घरेलु टिम गण्डकी प्रदेश तेश्रो भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) र प्रदेश खेलकुद परिषद, गण्डकीको संयुक्त आयोजनामा बुधबार देखि पोखरामा संचालन भएको 'यू-१५ विद्यालय खेलकुद प्रतियोगिता-२०८०' मा ६ खेलको लागि भएको प्रतिष्प्रर्धामा लुम्बिनीले ६ स्वर्ण, ३ रजत र १० कास्य सहित १९ पदक जित्न सफल भएको हो । गण्डकीले ५ स्वर्ण, ८ रजत र ७ कास्य सहित २० पदक हात पार्न सफल भयो । कर्णाली प्रदेशले ५ स्वर्ण, २ रजत र २ कास्य पदक सहित ९ पदक प्राप्त गरी चौथो स्थानमा रहन सफ भयो । कोशी प्रदेश १ स्वर्ण ७ रजत र ८ कास्य पदक सहित पाचौं स्थानमा रहन सफल भयो । सुदुरपश्चिम प्रदेश १ स्वर्ण, २ रजत र ५ कास्य पदक सहित छैटौं, मधेश प्रदेश १ स्वर्ण २ रजत र १ कास्य पदक सहित छैटौं स्थानमा रहेको छ । त्यसै गरी मधेश प्रदेश अंक तालिकाको पुच्छरमा रहेको छ । मधेश प्रदेशले १ स्वर्ण २ रजत १ कास्य पदक प्राप्त गर्‍यो । पर्यटनको राजधानि एवं खेलकुदको शहर पोखरामा ७ प्रदेशका ५ सय ३२ जना खेलाडीहरु सहभागि भएका छन् थिए । प्रतियोगितामा एथलेटिक्स, बास्केटबल, रग्बी, टेबलटेनिस, ब्याडमिन्टन र बुद्धिचाल गरी ६ खेल समावेश गरिएको थियो । सबै खेलमा छात्रछात्रातर्फको खेल भएको प्रदेश खेलकुद परिषद, गण्डकीका सदस्य सचिव श्रीधर शर्माले जानकारी दिए । ७ वटै प्रदेशका ६ सय ३० जना (खेलाडी, प्रशिक्षक र म्यानेजर सहित) सहभागी पोखरा सहभागि भएका थिए ।

यसैबिच, बास्केटवल प्रतियोगितामा छात्र तथा छात्रा तर्फ बागमतीले उपाधि जित्यो भने गण्डकी प्रदेश दुबै विधामा उपविजेता भयो । रग्बी खेलमा दुबै तर्फको विधामा कर्णाली प्रदेशले जित हासिल गर्‍यो । टेवल टेनिसमा ५ स्वर्ण सहित बागमती प्रदेश प्रथम भयो । एथ्लेटिक्समा ४ स्वर्ण सहित गण्डकी प्रदेश प्रथम भयो । ब्याडमिन्टनमा समेत बागमती प्रदेशले २ स्वर्ण सहित प्रथम भयो । बुद्धिचालमा १ स्वर्ण, १ रजत सहित बागमती प्रथम भयो । विजेता खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ, प्रदेश खेलकुद विकास परिषद्, बागमतीका सदस्य-सचिव सूर्यलाल भण्डारी, राखेपका सदस्य द्धय राजेश कुमार गुरुङ, अञ्जन धमला, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्मा लगायतले पुरस्कार वितरण गर्नु भयो । बर्षदका कारण दुई दिनमा आयोजना गरिएको उक्त प्रतियोगिता सम्पन्न गर्न अफिसियल र खेलाडीहरुलाई निकै चाप परेको थियो । बिद्यालय स्तरबाटै खेलकुदको विकास गर्ने उद्धेश्यले पहिलो पटक आयोजना गरिएको उक्त प्रतियोगिताले तल्लो स्तरबाटै खेलकुदको विकास हुने भएको राखेप सदस्य सचिव घिसिङले दाबी गर्नु भयो ।

# मानव अधिकार सम्बन्धी ऐन कानुनहरूको कडाइका साथ लागू गरौं -जि.स.स. कास्की प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधार पौडेलले गण्डकी प्रदेशमा मानव अधिकार कार्यान्वयनको अबस्था थप मजबुत बनाउनु पर्ने आबश्यकता देखिएको उल्लेख्य गर्दै भएका मानव अधिकार सम्बन्धी ऐन कानुन र अन्तर र्ष्ट्रिय सन्धी अभिसन्धीहरूको कडाइका साथ लागू गर्नुपर्ने बताउनु भएको छ ।

पौडेलले मानव अधिकारका सबालमा नागरिक समाजको भुमिका सक्रीय भएको र ऐन कानुनको कार्यान्वयनमा उच्चस्तरको सार्बजनिक जागरूकता आबश्यकता देखिएकोतर्फ ध्यानाकर्षण गराउनुभयो । पौडेलले सो कुरा अनौपचारिक क्षेत्र सेवा केन्द्र गण्डकी प्रदेशको आयोजनामा प्रदेशमा मानव अधिकार मैत्री कानुन कार्यान्वयनको अबस्था र सरोकारवालाहरूको भुमिका बिषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै सो कुरा बताउनु भएको हो । कार्यक्रमको पौडेलले आधारभुत अधिकार सहित बाच्न पाउने मात्रै नभएर मर्यादापूर्बक बाच्न पाउने अधिकारको पूर्ण प्रत्याभूति हुने बाताबरण सृजना गर्नतर्फ केन्द्रित हुन सरोकारवाला सरकारी र गैर सरकारी संस्थाहरूलाई आग्रह गर्नुभयो ।



कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै अधिबक्ता गिरधारी सुबेदिले प्रदेशमा संक्रमण कालिन न्याय अझै संबेदनसिल भएको बताउदै मानव अधिकारको बिषयमा गण्डकी प्रदेशका पालिकाहरू थप गम्भीर हुनुपर्ने देखिएको उल्लेख गर्नुभयो । उहाँले प्रदेश र पालिकाहरूका ऐन कानुनमा मानबअधिकार मैत्री पाना थप्नु पर्ने उल्लेख गर्नुभयो ।

सुबेदीले संविधान संग बाझिएका कतिपय कानुन संसोधन गर्नुपर्ने भन्दै कानुन तर्जुमा र कार्यान्वयन सम्बन्धि दक्ष जनशक्तिको ब्यवस्थापनमा प्रदेश केन्द्रीत हुनुपर्ने बताउनुभयो। गण्डकी प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कानुन महाशाखा सचिब धर्मनाथ कुइकेलले गण्डकी प्रदेशले मौलिक हकको कार्यान्वयनका सबालमा केही महत्वपूर्ण ऐन निर्माण भएको जानकारी दिदै मानव अधिकारको पूर्ण प्रत्याभूति सहितको प्रदेशका गण्डकी प्रदेश सरकार क्रियाशिल रहेको बताउनुभयो।

कार्यक्रममा कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, गैरसरकारी संस्था महासंघका उपाध्यक्ष इन्दिरा पौडेल, राष्ट्रिय मानव अधिकार आयोग पोखरा कार्यालयका अधिकृत सरोज गैर्हे, मानव अधिकार एलायन्स कास्कीका अध्यक्ष पदम पहारी, प्रदेश बाल समन्वय अधिकारी बद्री वाग्ले, सिबिआरएसका कृष्ण न्यौपाने, गोरेटो नेपालका अध्यक्ष बिमला गुरुङ, कास्की जिल्ला बाल संजालका अध्यक्ष तेज प्रसाद ढकाल सहितले प्रदेशमा मानव अधिकार मैत्री कानुन कार्यान्वयनको अबस्था र सरोकारवालाहरूको भुमिका बिषयमा चर्चा गर्नुभएको थियो । इन्सेक पोखरा कार्यालयका प्रमुख शिव खकुरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन इन्सेकका कार्यक्रम अधिकृत सबनम शर्माले गर्नुभएको थियो ।

# कास्कीमा ६३ कुकुरको निशुल्क बन्ध्याकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र कास्कीको आयोजनामा कुकुरको निशुल्क बन्ध्याकरण शिविर सम्पन्न गरिएको छ ।



घरपालुवा तथा छाडा कुकुर गरी ६३ कुकुरको बन्ध्याकरण गरिएको सो कार्यालयका सूचना अधिकारी सहदेव पौडेलले जानकारी दिनुभयो । सोही अवसरमा कुकुरलाई रेविजबिरुद्धको खोप पनि लगाइएको थियो । बन्ध्याकरणको लागि दैनिक आउने चापलाई व्यवस्थापन गर्न क्रमश शिविर संचालन गरिरहेको पौडेलले बताउनुभयो । बन्ध्याकरण गरिएको मध्ये १७ वटा भाले र ४६ पोथी कुकुर रहेको उहाँले बताउनुभयो । शिविरमा स्याङ्जा, तनहुँ र कास्कीका कुकुर समेत रहेका थिए । २०३० सम्ममा रेबिज रोग नियन्त्रण गर्ने सरकारको नीति अनुरुप छाडा तथा घरपालुवा कुकुरमा सो अभियान सुरु गरिएको सो कार्यालयका प्रमुख वरिष्ठ पशु बिकास अधिकृत शम्भुराज पाण्डेले बताउनुभयो । उहाँले असारको अन्त्यमा अर्को शिविर समेत संचालन गरिने जानकारी दिनुभयो । सहरी क्षेत्रमा कुकुर पाल्ने चलन बढ्दै जानु र पछि गएर छाडा छोड्ने प्रवृत्तिले गर्दा कुकरको संख्या बृद्धि हुदै जाने गरेको छ । त्यस्ता कुकुरले सर्वसाधारणलाई टोक्दै जादा रेबिजको जोखिम बढेको हुँदा कुकुरको बन्ध्याकरणलाई तिव्र पारिएको पशु चिकित्सक डा. किरण पाण्डेले बताउनुभयो । बन्ध्याकरणबाट पोथी कुकुरमा आउने पाठेघरको समस्याको न्युनिकरण भएर जाने डा. पाण्डले बताउनुभयो । गण्डकी प्रदेश सरकारको सहयोगमा संचालन भएको शिविरबाट प्रत्यक्ष लाभ पाएको भन्दै कुकुर पालक पोखरा-१४ का बिशाल गुरुङले खुसी व्यक्त गर्नुभयो । डा.पाण्डेको नेतृत्वमा रहेको सो टोलीमा डा.अनन्त कोइराला, डा.आशिष गौतम, डा.आशेष बि.क, डा.पवन पाण्डे, डा.प्रियङ्का कोइराला लगायतका विभिन्न पशु विज्ञहरुको सहभागिता रहेको थियो ।

# पोखरामा ...

सेवा शाखाका प्रमुख डा आरोश विक, डा पवन पाण्डे, डा प्रियङ्का कोइरालालगायतको टोलीले शिविरमा उपचार सेवा दिएको थियो ।

"सुविधासम्पन्न पशुपक्षी अस्पतालबाट सेवा प्रवाह गर्ने हामीहरूको लामो समयदेखिको चाहना थियो, अहिले आएर पूरा भएको छ । कास्कीसहित यस क्षेत्रका पशुपालक किसान लाभान्वित हुनुहुनेछ, उहाँहरूले सहज सेवा पाउनुहुनेछ", कार्यालय प्रमुख पाण्डेले भन्नुभयो ।

प्रदेश सरकारको रु छ करोड ४४ लाख २० हजार सात सय ७२ लगानीमा बनेको अस्पताल भवन निर्माण गरिएको हो । सुविधासम्पन्न साढे दुई तलाको अस्पताल सो भवन निर्माणका लागि सिद्धबाबा/फुल्जोर जेभी स्याङ्जासँग ठेक्का सम्झौता गरिएको थियो ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका चिकित्सक डा अनन्त कोइरालाले सुविधासम्पन्न अस्पताल भवनबाट अन्तरङ्ग, बहिरङ्गसहितका सेवा प्रदान गरिने जानकारी दिनुभयो । अस्पतालमा प्रयोगशाला, शल्यक्रिया कक्ष, फार्मेसी, रेडियोलोजिकल ल्याबलगायतका सुविधा रहने उहाँले बताउनुभयो । यसैगरी पशुपक्षी, माछा, घरपालुवा जनावरको उपचारका लागि समेत छुट्टाछुट्टै कक्ष राखिने छ । डा कोइरालाले भन्नुभयो, "पुरानो र साँघुरो भवनबाट पशुपक्षी उपचार सेवा दिँदै आएकामा अबदेखि सुविधासम्पन्न अस्पतालबाट छिटो र सहज सेवा प्रदान गर्नेछौँ । सुरुमा सबै उपकरण र जनशक्ति पूरा भइसकेको छैन । आगामी दिनमा अस्पताललाई गण्डकी प्रदेशको पशुपक्षी उपचारको रेफरल अस्पतालका रुपमा विकास गर्नेछौँ ।"

# प्रभावकारी

ब्रेस्ट मसाज र मातृ र शिशुमैत्री अस्पतालको पहल सम्बन्धि काम हुने परियोजनाका व्यवस्थापक उषा बरुवालले बताइन् । 'मातृ शिशु मृत्युदर घटाउने अभियान हो', उनले भनिन् । जापनको कोमागाने शहर र पोखरा महानगरपालिकाबीच मितेरी साइनो छ । त्यसैले पनि कोमागाने शहरबाट पोखराका लागि विभिन्न परियोजना र सहयोग प्राप्त हुने गर्दछ ।

पोखरा कोमागाने नागरिकमैत्री एशोसिएसनकी अध्यक्ष शान्ति शेरचनको अध्यक्षतामा भएको कार्यक्रममा जाइका नेपालका उपनिर्देशक केन्चिरो इसुका, मातृशिशु मितेरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष धर्मराज थापा, मातृशिशु मितेरी अस्पतालकी बाल रोग विशेषज्ञ डा. रोजिना पौडेल, मातृ शिशु स्वास्थ्य विशेषज्ञ कोयोको योनिडा लगायतले बोलेका थिए ।


## बालबालिकाप्रति अभिभावकको भूमिका

◆ बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
◆ बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
◆ उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
◆ बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
◆ उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
◆ बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति असार १ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# जसपाको महाधिवेशन

विभानको पीडा भोगेको जनता समाजवादी पार्टी नेपालको महाधिवेशन सबै पद अध्यछले तोक्ने गरि सम्पन्न भएको छ । एकता महाधिवेशन भनिएको महाधिवेशनले नेतृत्व सहमतिमै टुङ्ग्याउने निर्विरोध निर्वाचित अध्यक्ष उपेन्द्र यादवले जिम्मा लिएका छन् ।महाधिवेशन प्रतिनिधिहरूलाई भेला गरी सम्बोधन गर्दै पदाधिकारी र केन्द्रीय सदस्य सहमतिमै चयन गर्ने घोषणा गरेका छन । चुनावमा गए सक्षम, समावेशी र क्रियाशील टिम नबन्ने भन्दै संभ्फाउने प्रयास गरेका थिए । अध्यक्षले संभ्फाउने प्रयास गर्दा सबैले 'चुनाव गराउनुपर्छ' भन्दै उठेका थिए । त्यसपछि अध्यक्ष यादवले सहमति गर्नुको विकल्प नरहेको बताए । उनले अब सहमतिमै टिम बनाउनुपर्छ भन्दै त्यसका लागि अनुमति मागे ।

प्रतिनिधिहरू ताली पिटेर अनुमति दिएपछि अध्यक्ष यादवले धन्यवाद ज्ञापन गरे । अध्यक्ष यादवको आग्रहमा सबै उम्मेदवारले उम्मेदवारी त्याग्न लगाइएको घोषणा गरिएको छ । जुन पदमा उमेदवारी परेको र कार्यकर्ताको चाहना नगरेकालाई नेता मान्नुपर्ने भएको छ। अब उम्मेदवारी परेको पदबाट अन्य पदमा पनि नेतालाई व्यवस्थापन गर्न अध्यछ उपेन्द्रलाई सजिलो भएको छ। महाधिवेशन केन्द्रीय निर्वाचन समितिका अनुसार २०१ केन्द्रीय सदस्य र २० पदाधिकारीका लागि ३७२ उम्मेदवारी परेको थियो । अध्यक्ष यादवले चुनाव गराएमा एउटै भूगोल र समुदायका नेताहरू चयन हुने बताएका थिए । उनले भने, 'सबैलाई समेट्न हामीलाई चुनौती छ। हाम्रो हिमाल, पहाड र तराई/मधेशका सबैको छ । त्यसैले जनजाति र खस/आर्यलाई पनि समेटेर टिम बनाउँछु भन्ने आश्वासन दिएका छन् ।

मधेश बाहेकका नेतालाई योग्यता र क्षमता भन्दा उपेन्द्रले दिएकोमा चित्त बुझाउनुपर्नेछ । विभानको पीडा भोगेको जनता समाजवादी पार्टी नेपालको महाधिवेशन सबै पद अध्यक्षले तोक्ने गरि सम्पन्न भएको छ । एकता महाधिवेशन भनिएको महाधिवेशनले नेतृत्व सहमतिमै टुङ्ग्याउने निर्विरोध निर्वाचित अध्यक्ष उपेन्द्र यादवले जिम्मा लिएका छन् । महाधिवेशन प्रतिनिधिहरूलाई भेला गरी सम्बोधन गर्दै पदाधिकारी र केन्द्रीय सदस्य सहमतिमै चयन गर्ने घोषणा गरेका छन । चुनावमा गए सक्षम, समावेशी र क्रियाशील टिम नबन्ने भन्दै संभ्फाउने प्रयास गरेका थिए । अध्यक्षले संभ्फाउने प्रयास गर्दा सबैले 'चुनाव गराउनुपर्छ' भन्दै उठेका थिए ।

त्यसपछि अध्यक्ष यादवले सहमति गर्नुको विकल्प नरहेको बताए । उनले अब सहमतिमै टिम बनाउनुपर्छ भन्दै त्यसका लागि अनुमति मागे । प्रतिनिधिहरू ताली पिटेर अनुमति दिएपछि अध्यक्ष यादवले धन्यवाद ज्ञापन गरे । अध्यक्ष यादवको आग्रहमा सबै उम्मेदवारले उम्मेदवारी त्याग्न लगाइएको घोषणा गरिएको छ । जुन पदमा उमेदवारी परेको र कार्यकर्ताको चाहना नगरेकालाई नेता मान्नुपर्ने भएको छ । अब उम्मेदवारी परेको पदबाट अन्य पदमा पनि नेतालाई व्यवस्थापन गर्न अध्यछ उपेन्द्रलाई सजिलो भएको छ। महाधिवेशन केन्द्रीय निर्वाचन समितिका अनुसार २०१ केन्द्रीय सदस्य र २० पदाधिकारीका लागि ३७२ उम्मेदवारी परेको थियो । अध्यक्ष यादवले चुनाव गराएमा एउटै भूगोल र समुदायका नेताहरू चयन हुने बताएका थिए । उनले भने, 'सबैलाई समेट्न हामीलाई चुनौती छ। हाम्रो हिमाल, पहाड र तराई/मधेशका सबैको छ । त्यसैले जनजाति र खस–आर्यलाई पनि समेटेर टिम बनाउँछु भन्ने आश्वासन दिएका छन् । मधेश बाहेकका नेतालाई योग्यता र क्षमता भन्दा उपेन्द्रले दिएकोमा चित्त बुझाउनुपर्नेछ ।

# अमेरिकालाई हराउँदै भारत विश्वकपको सुपर आठमा

रासस
काठमाडौं, ३१ जेठ

आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगितामा अमेरिकालाई पाखा लगाउँदै भारत विजयी भएको छ ।

अमेरिकाको न्यूयोर्कमा गए राति सम्पन्न खेलमा अमेरिकालाई सात विकेटले हराउँदै भारत विश्वकपको सुपर आठमा पुगेको हो। लगातार तेस्रो जित हात पारेको भारत छ अङ्क जोड्दै समूह 'ए' बाट सुपर ८ मा प्रवेश गर्ने पहिलो टोली बन्यो । सोही समूहमा रहेको अमेरिका तीन खेलबाट चार अङ्कसहित दोस्रो स्थानमा छ । पाकिस्तान र क्यानाडाको समान दुई अङ्क छ । आयरल्याण्डले अङ्क खाता खोल्न सकेको छैन ।

खेलमा अमेरिकाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ११ रनको लक्ष्य प्रस्तुत गरेको थियो । जवाफमा भारतले १८ दशमलव ३ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गरेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

भारतका लागि सूर्यकुमार यादवले ४९ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ५० रनको योगदान दिए । त्यस्तै ऋषभ दुबेले ३१ रन बनाए भने ऋषभ पन्तले १८ रनको योगदान दिए ।

अमेरिकाका सौरभ नेत्रवालकरले दुई विकेट लिए भने अली खानले एक विकेट झारे । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको अमेरिकाका ओपनर सायन जहाँगिरलाई अर्शदीप सिंहले पहिलो बलमै आउट गर्दै दबाब दिएका थिए । त्यसपछि नितिश कुमारले २३ बलमा सर्वाधिक २७ रनको योगदान गरे भने अर्का ओपनर स्टेभन टेलरले ३० बलमा २४ रन बनाए । भारतका अर्शदीप एक्लैले चार विकेट लिए भने हार्दिक पाण्डेयाले दुई तथा एक्सर पटेलले एक विकेट लिए ।

# थोराङ्ला भञ्ज्याङमा पर्यटकको मृत्यु

रासस
मनाङ, ३१ जेठ

मनाङको मनाङ डिस्याङ गाउँपालिका–८ स्थित थोराङ्ला भञ्ज्याङ पार गर्ने क्रममा बुधबार लेक लागेर (अक्सिजन अभाव) एक नेपाली पर्यटकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धादिङको गङ्गा जमुना गाउँपालिका–५ फुलखर्कका हरि अधिकारी रहेका छन् । अन्नपूर्ण पदमार्गअन्तर्गतको पाँच हजार चार सय १६ मिटर उचाइमा अवस्थित थोराङ्ला भञ्ज्याङ पार गर्ने क्रममा अधिकारीको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले जानकारी दिनुभयो ।

पदयात्राका क्रममा थोराङ्ला भञ्ज्याङमा अधिकारीलाई लेक लागेको थियो । उनको घटनास्थलमै मृत्यु भएको हो । अधिकारीको शव हेलिकप्टरमार्फत काठमाडौं लगिएको छ ।

# ओखरबोटमा विद्युतीकरण

रासस
म्याग्दी, ३१ जेठ

म्याग्दीको मालिका गाउँपालिका–४ ओखरबोट गाउँमा केन्द्रिय प्रशारण लाइनको विद्युत् सुविधा विस्तार भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित ओखरबोट गाउँमा विद्युतीकरण गरेको हो । प्राधिकरणको म्याग्दी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले ओखरबोट गाउँका ६० घरमा केन्द्रीय प्रशारण लाइनको बिजुली पुगेको जानकारी दिनुभयो । "घरघरमा मिटरबक्स जडान भएपछि ओखरबोटमा विद्युत् वितरण थालिएको हो", उहाँले भन्नुभयो, "ओखरबोटको छिमेकी खनेतका ६० घरमा गत वैशाख महिनामा बिजुली बालिएको थियो । थप करिब चार सय घरधुरीमा पनि मिटरबक्स वितरणको तयारी गरेका छौं ।" ओखरबोटका बासिन्दा नविन पुनले विद्युतीकरण भएपछि स्थानीयवासीमा खुसियाली छाएको बताउनुभयो । विद्युत् सुविधाले गाउँलेको दैनिक जीवनयापन सहज भएको बताउनुभयो । मालिका गाउँपालिकाको २, ३ र ४ नम्बर वडाका ४०० घरधुरीमा विद्युतीकरणका लागि जडान गरिएकोट्रान्सफर्मररमुख्यलाइनको गत चैत अन्तिम हप्ता परीक्षण गरिएको थियो । विद्युतीकरणका लागि ठेक्का सम्झौता गरेको रविन्द्र/डुङ्गाना जेभीका प्रतिनिधि दिनेश डुङ्गानाले चार वटा ट्रान्सफर्मर चार्ज र मुख्य लाइनको परीक्षण सफल भएको जानकारी दिनुभयो । "मालिकाको वडा नम्बर २ को रुम, बेली, जेम, घाइलेपानी, वडा नम्बर ३ को लुप्सीपार, पाल्ले र ४ नम्बर वडाको ओखरबोटको मुख्य र शाखा लाइनको पोल गाड्ने, तार तान्ने र ट्रान्सफर्मर जडान गरी चार्ज र परीक्षण सफल भएको छ", उहाँले भन्नुभयो । नेपाल विद्युत् प्राधिकरणको पूर्ण विद्युतीकरण कार्यक्रमअन्तर्गत पहिलो चरणमा मालिकाका तीन वटा वडामा बिजुली बाल्ने तयारी भएको हो । मालिकाको २, ३ र ४ नम्बर वडाको घ्याडलेपानी बाहेकका बस्तीका बासिन्दाले हाल उज्यालोका लागि लघुजलविद्युत् परियोजनाको विद्युत् प्रयोग गर्दै आएका छन् । विद्युत्‌को कुनै स्रोत नभएको घ्याडलेपानीका बासिन्दाले सोलार र टुकी प्रयोग गर्छन् ।

# सुपर न्यादीको ३५ प्रतिशत काम बाँकी

रासस
लमजुङ, ३१ जेठ

यहाँ निर्माणाधीन ४२ दशमलव ६० मेगावाटको सुपर न्यादी जलविद्युत् आयोजनाको निर्धारित निर्माणकार्यको म्याद सकिन लागे पनि अझै ३५ प्रतिशत निर्माणकार्य बाँकी रहेको छ ।

सिउरी न्यादी हाइड्रो पावर कम्पनीद्वारा मर्स्याङ्दी गाउँपालिका–६ स्थित डाडीखोलामा निर्माणाधीन यस आयोजनाको आगामी असारभित्रमा सम्पन्न गर्नुपर्नेमा अझै उक्त प्रतिशत काम बाँकी रहेको हो । यो आयोजनाको दुई वर्षभित्रमा निर्माण सम्पन्न गर्ने सम्झौता गर्दै अघि बढे पनि हालसम्म ६५ प्रतिशतमात्र निर्माण सम्पन्न भएको उक्त आयोजनाका प्रबन्ध निर्देशक दिनेश गुरुङले बताउनुभयो ।

# बेनी–जोमसोम–कोरला सडकको म्याग्दी खण्डमा पहिरोको चुनौती

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ जेठ

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी–जोमसोम–कोरला सडक निर्माण र यातायात सञ्चालनका लागि कालीगण्डकी र सहायक खोलामा आउने बाढी र कटान चुनौती बनेको छ ।

म्याग्दीको बेनीबाट मुस्ताङको लेतेसम्मको खण्डमा रहेको पहिरो, कटान र बाढीका कारण यातायात सेवाका साथै सडक निर्माणको काम प्रभावित बनेको छ। यात्रुलाई सास्ती, दुर्घटनाको जोखिम र पहिरो पन्छाउने काममा राज्यको व्ययभार बढेको बेनी–जोमसोम–कोरला सडक योजनाका प्रमुख ध्रुवकुमार भाले बताउनुभयो । "बाढी, कटान र पहिरोले नियमित यातायात सञ्चालन गर्न समस्या हुनुका साथै निर्माण भएका संरचनामा क्षति पुऱ्याएको छ", उहाँले भन्नुभयो, "सडक निर्माण गर्दा पहिरो जाने सम्भावित क्षेत्रको अध्ययन नभएको र त्यही अनुरुप डिपिआर निर्माण नगरिएकाले नियन्त्रणका लागि विस्तृत अध्ययन गरेर योजना सञ्चालन गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा योजना र बजेट माग गरेका छौं ।"

बेनी–जोमसोम–कोरला सडक योजनाअन्तर्गत १४ ठाउँमा ठूला पहिरो छन् । म्याग्दीको रघुगङ्गा गाउँपालिका–१ वेगखोला, वडा नं २ माफ्खर्क, कुनौटो, रिठाबोट, वडा नं ३ मा पर्ने बैसरी, चमेरे र गलेश्वर पारि राहुघाटमा पहिरोले सडक निर्माण तथा यातायात सञ्चालन प्रभावित बनाएको छ । अन्नपूर्ण गाउँपालिका–२ मा पर्ने नागढुङ्गा, भुरुङभिर, वडा नं ६ मा पर्ने टिम्मुरेभिर क्षेत्रको साँघुरो भूगोल, छेउकै कालीगण्डकी नदी र बारम्बार माथिबाट खस्ने पहिरोले सडक जोखिम बनाएको छ। अन्नपूर्णको वडा नं ३ दानाको गुइठेभिर,खामभित्ता,लाटाखोलामा बर्सेनि निरन्तर माथिबाट पहिरो भर्ने तथा कालीगण्डकीले कटान गरिरहेको छ। खामभित्तामा तलबाट कालीगण्डकीले कटान गरेको र माथिल्लो खण्डमा संरक्षणबिना डोजर चलाएर सडक खनिएकाले पहिरो गएको देखाएको छ । काभ्रे, घोप्टेभिर र बादरजुङ भिरमा 'रक फल'को समस्या छ । मुस्ताङको घासा नजिकै खहरेखोला क्षेत्रमा पहिरो र कालीगण्डकी नदीको कटानको दोहोरो समस्या छ । लेतेखोला क्षेत्रमा पनि पहिरोको समस्या छ । दानाको रुप्से र घाँसाको खहरेखोलामा २०७७ साउनमा आएको बाढीले निर्माणाधीन पुलको संरचना बगाएको थियो । धार परिवर्तन गरिरहने कालीगण्डकीले मार्फा, स्याङ, जोमसोममा सडकलाई कटानको जोखिम छ । गत असारमा कागखोलामा आएको बाढीले कागबेनीमा निर्माण भएको मोटरेबल पुल बगाएको थियो । मुस्ताङका खोलाहरूमा आउने बाढीले थुपारेको गेग्रानको सतह बढेर पुललाई छुन थालेको छ। पाण्डाखोलाको बाढीले पुलको सतहसम्मै गेग्रान थुपारेको छ भने धार परिवर्तन गरिरहने समस्या छ। मार्फाखोलाको बाढीले मोटरेबल पुल निर्माण र यातायात सञ्चालन प्रभावित बनाएको छ ।

कालीगण्डकी नदीको किनार र कडा चट्टान भएको अन्नपूर्ण गाउँपालिकाको भिरकाटे क्षेत्रमा सडकको विकल्पमा तीन सय ८४ मिटर लामो सुरुङ बनाउन डिपिआर तयार पारी बजेट व्यवस्थापनका लागि प्रस्ताव गरिएको छ । 'रक फल' हुने काभ्रेभिरको सडकलाई फराकिलो र ग्रेड सुधार गरेर सुरक्षित बनाउन 'रक एड्करिङ/रक नेलिङ' गर्ने काम अन्तिम चरणमा पुगेको बेनी जोमसोम कोरला सडक योजनाका सूचना अधिकारी विष्णु चापागाईंले बताउनुभयो ।

"बादरजुङ भिरमा कालीगण्डकीको कटान नियन्त्रणका लागि खोला डाइभर्सन गरेर सडक संरक्षण गरिएको छ", उहाँले भन्नुभयो, "बाढीले बगाएको निर्माणाधिन रुप्सेखोला र खहरेखोलाको पुलको ठेक्का तोडिएको छ ।" भुरुङखोला र रुप्सेमा भित्ता बेलिब्रिज जडान र रुप्सेमा भित्ता काटेर पहिरो पन्छ्याउने तथा सडक फराकिलो बनाउने काम अन्तिम चरणमा रहेको उहाँले बताउनुभयो । बेनी–जोमसोम–कोरला सडकमा बाढी, पहिरो र कटानको समस्या समाधानका लागि अल्पकालीन र दीर्घकालीन योजना सञ्चालन गर्नुपर्ने स्थानीय सरोकारवालाले माग गरेका छन् । तत्कालीन रूपमा कटानको जोखिममा रहेको ठाउँमा कालीगण्डकीलाई डाइभर्सन र माथिबाट खस्ने पहिरो रोकथामका लागि भूमिगत पानी व्यवस्थापन गर्न बजेट व्यवस्थापन गर्नुपर्ने म्याग्दी प्रदेशसभा १ (२) बाट निर्वाचित प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो ।

पहिरो र कटानको जोखिम भएको ठाउँमा विस्तृत अध्ययन गरी थप आयोजना सञ्चालन अथवा वैकल्पिक मार्गको पहिचान र विकास गर्नुपर्ने उहाँको भनाइ छ । भारतको सिमानामा रहेको त्रिवेणी र चीनको कोरला नाकालाई जोड्ने कालीगण्डकी करिडोर सडक राष्ट्रिय गौरवको आयोजना हो । गण्डकी प्रदेशको 'भाग्यरेखा' मानिएको यो सडक पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिक विकासका लागि महत्वपूर्ण मानिएको छ । पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङको कोरला नाकासम्मको दुई सय दुई किलोमिटर दूरीको सडक स्तरोन्नति र सडकमा पर्ने खोलामा पुल निर्माण गर्न विसं २०७४ देखि जोमसोममा कार्यालय स्थापना गरेर काम थालिएको थियो । विसं २०८१ जेठ अन्तिम सातासम्मको भौतिक प्रगति ८० प्रतिशत रहेको आयोजनाले जनाएको छ ।

रु १० अर्ब लागत अनुमान गरिएको यो सडक आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि आयोजना अवधिलाई आव २०८२/८३ सम्म लम्ब्याइएको छ । सडक र पुल निर्माणका लागि रु सात अर्बको ठेक्का सम्झौता भएकामा हालसम्म रु छ अर्ब खर्च भएको आयोजना प्रमुख भाले बताउनुभयो ।

एक सय पाँच किलोमिटर कालोपत्र गर्ने लक्ष्य रहेकामा हालसम्म ४८ किलोमिटर कालोपत्र, पाँच किलोमिटर ढलान र ८५ किलोमिटर ग्राभेल भएको छ । चौबीसवटा मोटरेबल पुल निर्माण गर्नुपर्नेमा १९ वटाको ठेक्का लागेको, १० को निर्माण सकिएको, पाँचवटा निर्माणाधीन, चारवटाको ठेक्का तोडेको र पाँचवटा पुल ठेक्का प्रक्रियामा जान बाँकी छन् ।

# बन्दीपुर केवलकार व्यावसायिकरुपमा सञ्चालन

पोखरापत्र संवाददाता
तनहुँ, ३१ जेठ



पर्यटकीय नगरी बन्दीपुर घुम्न आउने पर्यटक अब केवलकारबाट सहज र छिटो पुग्न सक्ने भएका छन् । परीक्षणका रुपमा मात्रै सञ्चालित बन्दीपुर केवलकार बिहीबारदेखि व्यावसायिक रुपमा सञ्चालनमा आएको हो ।

व्यावसायिक रुपमा सञ्चालनमा आएपछि यहाँ आउने पर्यटकले केवलकारमार्फत सहज रुपमा यात्रा गर्न भएका हुन् । अन्तराष्ट्रिय प्रविधि तथा सुरक्षा गुणस्तर परीक्षण प्रमाणपत्र (टियुभी सर्टिफिकेट) प्राप्त गरेपछि व्यावसायिक रुपमा आजदेखि सञ्चालनमा ल्याएको कार्यकारी अधिकृत किरण पोखेलले बताउनुभयो ।

पोखेलले भन्नुभयो, "वैशाख १ गते शुभ मुहुर्त तथा वास्तुपूजा गरी आंशिक रुपमा सञ्चालनमा ल्याएका थियौं । आजदेखि व्यावसायिक रुपमा सञ्चालन गर्न लागेका हौं ।" टियुभी नर्ड जर्मनीअन्तर्गतको कम्पनी टियुभी नर्ड इन्डियाले परियोजनाको सुपरिवेक्षण गरी सर्टिफिकेट प्रदान गरेको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार करिब एक वर्ष अघिदेखि नै केवलकारको सम्पूर्ण मेकानिकल सामग्रीको जडान गरी लोड परीक्षण भइरहेको थियो ।

तीन चरणमा परीक्षणकाल सकिएपछि कम्पनीलाई व्यावसायिक 'अप्रेसन टियुभी' प्रमाणपत्र प्राप्त भएको अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो । "कम्पनीले सुरक्षा र गुणस्तरलाई पहिलो प्राथमिकता दिएकाले सम्पूर्ण तयारी भएपछि मात्रै केवलकार सञ्चालनका लागि खुल्ला गरिएको हो", उहाँले भन्नुभयो ।

"केबलकारबाट ९० डिग्रीको ठाडो चट्टान आरोहण गरेझैं साहसिक अनुभूति लिन सकिने छ। यसले पर्यटकलाई आकर्षित गर्न सकिने विश्वास लिएका छौं", अध्यक्ष शर्माले भन्नुभयो । बन्दीपुर गाउँपालिका–४ को डुम्रेबजार नजिकै केबलकारचोकबाट मन्दिरसम्म एक हजार सात सय मिटर दूरी ७ मिनेटमा पार गर्न सकिने कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार केबलकारको ३१ डिब्बामध्ये २१ वटाले यात्रु बोक्नेछन् भने अन्यले सामग्री ढुवानी गर्नेछन् । प्रति घण्टा पाँच यात्रु बोक्न सक्ने क्षमता रहेको यस केबलकार विभिन्न सिफ्ट गरेर दैनिक बिहान ६ बजेदेखि राति ११ बजेसम्म सञ्चालन हुनेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# दूध बिक्री गरेर आत्मनिर्भर बन्दैकिसान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ जेठ

बेनी नगरपालिका-४ सोताका सर्वलाल थापाले दुई भैंसी पाल्नुभएको छ । गाउँमा सामान्य खेती किसानी गर्ने थापाको परिवारको आम्दानीको स्रोत भैंसीको दूध बिक्रीबाट हुने कमाई नै हो । घरमा उत्पादन हुने दूध सिङगामा रहेको शुभकामना कृषि सहकारी संस्थामा बिक्री गर्दै आएको किसान थापाको भनाइ छ । थापा मात्रै होइन सोता गाउँमा रहेका १९ घरमध्ये अधिकांशले भैंसीपालेर सहकारीमा दूध बिक्री गर्दै आएका छन् ।

''गाउँमा अधिकांशको घरमा दुईदेखि तीन भैंसी छन्, बिहान-बेलुका नै सहकारीमा लगेर दूध बिक्री गर्छौं, दूधबाट हुने आम्दानीले नै घरखर्च चल्ने गरेको छ, कृषि सहकारीले दूध खरिद गर्ने भएपछि थोरै-धेरै जति दूध पनि बिक्री गर्न पाउने सुविधा भएको छ''- किसान थापाले भन्नुभयो । बेनी नगरपालिका- ४ सिङगामा रहेको यस सहकारीले विसं २०७५ देखि किसानको दूध खरिद गर्ने र बजारीकरण गर्दै आएको छ । ग्रामीण सहरीकरणको रुममा विकास भइरहेको सिंगामा सहकारीले किसानको दूध खरिद गर्ने सुविधा भएपछि सिंगा, सुर्केमेला, राक्से, ठूलोखोला, सोता, बाभरा लगायतका टोलमा भैंसीपालन गरेर स्थानीयले दूधबाट नगद आम्दानी गर्दै आएका छन् । सहकारीमा अहिले दैनिक दुई सय ५० लिटर बढी दूध सङ्कलन हुने गरेको सहकारीका प्रबन्धक दीपक शर्माले जानकारी दिनुभयो । किसानबाट सङ्कलन भएको दूधलाई सहकारीले स्थानीय उपभोक्ता र सदरमुकाम बेनी बजारमा बिक्री गर्दै आएको प्रबन्धक शर्माले बताउनुभयो ।

सहकारीमा आबद्ध ८० जना दुग्ध किसानले दूध बिक्रीका लागि सहकारीमा खाता खोलेकोमध्ये अहिले ३५ जनाले नियमित रुपमा दूध बिक्री गर्दै आएका छन् । बिहान र बेलुकाको समयमा सहकारीको दूध सङ्कलन केन्द्रमा दूध ल्याएर आउने किसानको चहलपहल हुने गर्छ । सहकारीले दूधको फ्याट र एसएनएफ 'मिल्क एनालाइजर मेसिन'मा परीक्षण गरेर दूधको मूल्य निर्धारण गर्दै आएको छ । "

मेसिनले दिने दूधको फ्याट र एसएनएफको मात्राको आधारमा किसानलाई मूल्य दिने गरेका छौं, सरदरमा सिकानले प्रतिलिटर रु १०० पाउँछन्, एक लिटरदेखि १० लिटरसम्म दूध बिक्री गर्ने किसान हुनुहुन्छ''- प्रबन्धक शर्माले भन्नुभयो । उत्पादन भएको दूध घरदैलोमै बिक्री हुने भएपछि यस क्षेत्रका स्थानीय दूधबाट आत्मनिर्भर बन्न थालेका छन् । चार सयजना शेयर सदस्य रहेको यस कृषि सहकारीले अहिले मासिक करिब रु नौ लाखको दूध बिक्री गर्दै आएको छ । हिउँदयाममा दूध उत्पादन धेरै हुने भएकाले दैनिक तीन सय ५० लिटरसम्म दूध सङ्कलन हुने गरेको छ । हिउँदमा दूधको माग कम र उत्पादन बढी हुने भएकाले पनिर र कुराउनी बनाएर बिक्री गरिँदै आएको छ । गत आर्थिक वर्षमा सहकारीले रु ९० लाख बराबरको दूध बिक्री गरेको सहकारीका अध्यक्ष गोविन्दप्रसाद पौडेलले जानकारी दिनुभयो । जिल्लामा आवश्यकपर्ने दूधमध्ये २५ प्रतिशत आपूर्ति गर्ने र दूधको मात्रै वार्षिक रु एक करोड ५० लाख बराबरको कारोबार गर्ने लक्ष्यसहित सहकारीले दूध सङ्कलनको क्षमता विस्तार र किसानलाई भैंसीपालनतर्फ प्रोत्साहन गर्ने नीति लिएको अध्यक्ष पौडेलले बताउनुभयो ।

''हामीले किसानलाई बचत तथा ऋणको कारोबार सेवा पनि दिएका छौं, बिहानबेलुका दूध सङ्कलन र वितरण गर्छौं, किसानको उत्पादनसँग जोडिएकाले सहकारीको आर्थिक पाटो पनि सकरात्मक छ, बजारमा दूधको मूल्यमा आउने उतार-चढाबले कहिलेकाहीँ समस्या पर्छ''- अध्यक्ष पौडेलले भन्नुभयो । दूध बिक्री गर्न ल्याउने किसानलाई मासिक रुपमा सहकारीमै रहेको खातामा पैसा जम्मा गरिदिने र किसानले आवश्यक परेको समयमा झिकेर लैजाने प्रबन्ध मिलाइएको छ । यस सहकारीले किसानलाई व्यावसायिक बनाउन र दूधजन्य उत्पादन बढाउन साना किसान सहकारी विकास आयोजना पोखरासँगको सहकार्यमा ९ प्रतिशत ब्याजदरको सस्तो ऋणसमेत प्रवाह गर्दै आएको जनाएको छ । सिङगामा सहकारीले आफ्नै भवन र व्यावसायिक सटरसमेत निर्माण गरेको छ । छजना कर्मचारी राखेर सहकारीले बचत तथा ऋण कारोवारसँगै दूध सङ्कलन र वितरण तथा कृषि पेसा अगालेका शेयर सदस्यलाई तरकारी तथा फलफूलका बिरुवा वितरणको कामसमेत गर्दै आएको छ । सिंगासँगै सोही वडाको बास्कुना गाउँमासमेत बास्कुना कृषि सहकारीमार्फत किसानले दूध बिक्री गर्दै आएका छन् । यहाँका ५० जना किसान आबद्ध रहेको बास्कुना कृषि सहकारीले दैनिक दुई सय ५० लिटर दूध सङ्कलन गरेर सदरमुकाम बेनीमा बिक्री गर्दै आएको सहकारीका अध्यक्ष तिलक गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार, दूध बिक्री गरेर गाउँमा भाडाको खर्च कटाएर मासिक रु ६ लाख नगद भित्रने गरेको छ । वडा नं ४ का सिङगा, राक्से, तातोपानी, सोता, बास्कुनालगायतका टोलमा करिब एक सय घरधुरीले भैंसीपालन गरेर दूध बिक्री गर्दै आएको वडाध्यक्ष अणबहादुर खड्काले बताउनुभयो । सिङ्गा र बास्कुनामा कृषि सहकारीले दूध

सङ्कलन र वितरण गर्दै आएका छन् ,भने तातोपानीमा किसान आफैले दूध बिक्री गर्दै आएका छन् । दूध उत्पादनको पकेटक्षेत्र बनेको यस वडामा वडा कार्यालयले किसानलाई तालिम र अनुदानमा राँगो वितरण गरेको छ । यसवर्ष भैंसीपालक किसानलाई पाँच वटा उन्नत जात र स्थानीय जातको राँगो अनुदानमा वितरण गरिएको वडाध्यक्ष खड्काले जानकारी दिनुभयो । ''पशुपालन र कृषि दुबैमा सम्भावना छ, उत्पादन भएका उपजको बजारीकरणमा पनि समस्या छैन, कृषि र पशुपालनलाई थप व्यवस्थित र व्यावसायिक बनाउन प्रोत्साहनका कार्यक्रममा हामीले पहल गरेका छौं''-वडा अध्यक्ष खड्काले भन्नुभयो, "सदरमुकाम बेनीमा दूध आपूर्ति गर्नेमध्येमा सिङ्गाले ठूलो हिस्सा ओगट्ने गरेको छ । बेनी-दरबाङ सडकखण्डले समेटिएको यस वडाबाट सदरमुकाम बेनीबजार जोड्ने मुख्य सडक कालोपत्र भएपछि किसानले उत्पादन गरेको दूधजन्य र कृषिजन्य उत्पादनको बजारीकरणमा सहज भएको छ ।

# श्रीकृष्ण मन्दिरलाई सोफा सेट सहयोग

**स्मृति गाहा मगर/सविता गुरुङ**
पोखरा, ३१ जेठ



रामबजारस्थित श्रीकृष्ण मन्दिरको प्राङ्गणमा समारोहका बीच बिहीबार सोफा सेट हस्तान्तरण गरिएको छ ।

श्रीकृष्ण मन्दिर संचालक समितिका अध्यक्ष विश्व तन्डुकारको अध्यक्षतामा आयोजित कार्यक्रममा स्व.नेत्र पुनको स्मृतिमा उहाँका धर्मपत्नी पुष्पा पुन र छोरा खरेन्द्र पुनद्वारा श्रीकृष्ण मन्दिरलाई एक सोफा सेट सौजन्य स्वरुप सहयोग गर्नुभएको छ । सो कार्यक्रममा सहयोगदाता खरेन्द्र पुनले आउँदा दिनहरुमा पनि मन्दिरलाई सहयोग गर्ने बताए । मन्दिरको तर्फबाट दाताहरुलाई अध्यक्षले धन्यवाद दिनुभएको थियो । सोही समारोहमा मन्दिरका संरक्षकद्वय गणेशकुमार प्रधान र ज्ञानबहादुर थापाले खादा र आमा समूहकी अध्यक्ष कमला गुरुङ र अध्यक्षले दाताहरुलाई पुष्पा गुच्छाले स्वागत गर्नुभएको थियो । कार्यक्रम सचिव उत्तम गुरुङले संचालन गर्नुभएको थियो । उक्त भेलाले श्रीकृष्ण टोल परिसरमा बसोबास गर्नुहुने जेष्ठ नागरिकहरुको मिलन केन्द्र संचालनको उद्देश्य राखी श्रीकृष्ण मन्दिर संचालक समिति र श्रीकृष्ण मन्दिर आमा समूहको संरक्षणमा संचालन हुने गरि सु. भिम बहादुर गुरुङको संयोजकत्वमा श्रीकृष्ण मन्दिर जेष्ठ नागरिक मिलन केन्द्र संचालक समिति गठन गरेको छ । समितिको सदस्यहरुमा सोना गुरुङ, इन्द्र गिरि, राजु राना र दल बहादुर थापा रहेका छन् ।

विद्यार्थी पत्रकार

# विद्यालयमा सीपमूलक तालिमसँगै पढाइ

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ जेठ

बेनी नगरपालिका-४ सिङ्गास्थित धौलागिरि माध्यमिक विद्यालयका विद्यार्थीलाई घरमा रङ लगाउने तालिम दिइएको छ ।

बेनी नगरपालिकाको 'हामी सक्छौं, हामी गर्छौं' कार्यक्रममार्फत धौलागिरि माविले विद्यार्थीलाई व्यावसायिक सीप सिकाउन घरमा रङ लगाउने तालिम दिएको हो । कक्षा १० का २५ जना विद्यार्थीलाई सात दिनसम्म रङ लगाउने तालिम दिइएको विद्यालयका शिक्षक खोमराज पौडेलले बताउनुभयो ।

"दुई जना प्रशिक्षकबाट २५ जना विद्यार्थीलाई सात दिनसम्म रङरोगनसम्बन्धी आधारभूत तालिम दिएका छौं", उहाँले भन्नुभयो, "यसअघि विद्यार्थीहरूलाई च्याउ खेती गर्न र मुढा बुन्न सिकाएका थियौं ।" रङ लगाउने सीप दैनिक जीवनयापनका अलावा पढाइ पूरा गरेपछि व्यवसाय सञ्चालन र रोजगारीका क्रममा उपभोगी हुने विद्यार्थीले बताएका छन् । डिलबहादुर किसान र मुकेश शाहले तालिम दिनुभएको थियो । तालिमका क्रममा विद्यार्थीले विद्यालयको भवनमा रङ लगाएर चिटिक्क पारेका छन् । रङ खरिद र प्रशिक्षकलाई भत्ता खर्च विद्यालयले उपलब्ध गराएको थियो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न १६ वटा विद्यालयका माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन हामी सक्छौं, हामी गर्छौं कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

हालसम्म दुई हजार जनाभन्दा बढी विद्यार्थी सीपमूलक तालिममा सहभागी भएका छन् । 'हाउस वायरिङ, प्लम्बिङ,' कपाल काट्ने, अतिथि सत्कार, खाना पकाउने, प्रेसर कुकर बनाउनेलगायत सीपमूलक तालिम सञ्चालन गर्न नगरपालिकाले १६ वटा विद्यालयलाई चालु आर्थिक वर्षमा रु एक लाखका दरले बजेट उपलब्ध गराएको छ ।

# बुर्तिवाङ स्वास्थ्य केन्द्र ५० शैयाको अस्पतालमा स्तरोन्नति हुँदै

**पोखरापत्र संवाददाता**
ढोरपाटन, ३१ जेठ

जिल्लाको बुर्तिवाङस्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई आगामी आर्थिक वर्षदेखि प्रदेश अस्पतालका रूपमा सञ्चालन गरिने भएको छ ।

ढोरपाटन नगरपालिकाको केन्द्रमा रहेको उक्त स्वास्थ्य केन्द्रलाई ५० शय्याको अस्पतालमा स्तरोन्नति गरिने गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेख छ । यसअघि बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शय्याको जिल्ला अस्पतालमा रूपान्तरण गर्ने योजनाअनुसार भौतिक पूर्वाधार निर्माण गरिएको भए पनि त्यो पूरा भएको थिएन । तत्कालीन बागलुङ जिल्ला अस्पताल खारेज भएर बागलुङ बजारमा धौलागिरि अस्पताल बनेपछि बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई जिल्ला अस्पताल बनाउन भवन निर्माण गरिएको थियो । कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनलगायतका विषयलाई प्राथमिकतामा राखेर मङ्गलबार गण्डकी प्रदेशसभा बैठकमा गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा बागलुङको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र र गोरखाको आँपपीपल अस्पताललाई प्रादेशिक अस्पतालका रूपमा सञ्चालन गरिने जनाइएको छ । गण्डकी प्रदेश सरकारको सिफारिसमा सङ्घीय सरकारले बागलुङको बुर्तिवाङ र गोरखाको आँपपिपलमा ५० शय्याको प्रदेश अस्पताल बनाउन गत फागुन ६ गते मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । उक्त निर्णय कार्यान्वयन गर्ने विषय नीति तथा कार्यक्रममा उल्लेख छ । स्वास्थ्य केन्द्र ५० शय्याको अस्पताल भएमा ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, तमानखोला गाउँपालिका र बडिगाड गाउँपालिकाका स्थानीय लाभान्वित हुनेछन् । विसं २०५२ मा स्थापना भएको उक्त स्वास्थ्य केन्द्रबाट नियमित रूपमा बहिरङ्ग सेवा, गर्भ जाँच, सुत्केरी सेवा, आधारभूत प्रयोगशाला परीक्षण, खोप सेवा, परिवार नियोजन, क्षयरोग र कुष्ठरोगको उपचार हुँदै आएको छ । यस क्षेत्रका जनतालाई स्वास्थ्य सेवा दिने उद्देश्यले जिल्ला अस्पताल बनाउने निर्णय गरी रु ३२ करोडको लागतमा संरचना निर्माण भइसकेका छन् । स्वास्थ्य केन्द्रलाई प्रदेश मातहतको अस्पताल बनाउने निर्णयपछि सङ्घीय सरकारले प्रदेश सरकारमार्फत आगामी आवका लागि रु १५ करोड बजेट विनियोजन गरेको ढोरपाटन नगरपालिकाका स्वास्थ्य शाखा संयोजक केशव थापाले राससलाई जानकारी दिनुभयो ।

उक्त बजेट बुर्तिवाङ स्वास्थ्य केन्द्र र गोरखाको आँपपीपलमा अस्पतालको हो । तीन शय्याको प्राथमिक स्वास्थ्य केन्द्रलाई ढोरपाटन नगरपालिका स्थापना पछि १५ शय्याको पालिका अस्पतालका रूपमा सञ्चालन गरिरहेको छ ।

हाल स्वास्थ्य केन्द्रमा दुई जना विशेषज्ञ र तीन जना मेडिकल अधिकृत कार्यरत छन् । नीति तथा कार्यक्रममा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न मनाङ र मुस्ताङ अस्पताललाई २५ शय्या, पर्वत, स्याङ्जा, दमौली, मध्यबिन्दु र मातृशिशु मितेरी अस्पताललाई ५० शय्या क्षमतामा र अमरापुरी स्वास्थ्य चौकी, गैंडाकोटलाई स्तरोन्नति गरिने उल्लेख छ ।


## नेपाल आदर्श बहुउद्धेश्यीय सहकारी संस्था. लि.
## वालिङ ८ स्याङ्जाको ३५ दिने कर्जा चुक्ता गर्न आउने सूचना

**(प्रकाशित मिति २०८१/०२/३२)**

यस संस्थाबाट कर्जा लिई कारोबार गर्दै आउनु भएका तपशिल बमोजिमका सदस्यले लिएको कर्जाको तीर्न बुझाउन पर्ने साँवा, व्याज तथा अन्य दै-दस्तुर समेतको रकम बारम्बार ताकेता गर्दा समेत कर्जा तिर्न वेवस्ता गरी बुझाउन बाँकी राखेकोले यस संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देज उल्लङ्घन भएको हुँदा यस संस्थाले ०७ दिन, १५ दिन, र ३५ दिन ताकेता पत्र पठाउँदा र घरमा गई बुझ्दा उक्त ऋणी श्री धन बहादुर थापाको मितिः २०७८/०७/२८ गते मृत्यु भएको हुदाँ र उहाँको जग्गामा हक लाग्ने हकवालालाई उक्त पत्र दिदाँ समेत कर्जा चुक्ता गर्नुहुन नआउनु भएकोले यस संस्थाको सञ्चालक समितिको वैठक मितिः२०८१/०१/२९ गतेको प्रस्ताव नं. ०१ र निर्णय नं. ०१ बाट पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय भएको हुदाँ यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिन भित्र संस्थाको कार्यालयमा सर्म्पक गरि सो मितिसम्म तीर्न बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गर्नुहुन सम्पूर्ण हकवालाहरुलाई अनुरोध गरिन्छ । साथै यदि सो दिन भित्र नाआएको खण्डमा यस संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को दफा ३०, र यस संस्थाको ऋण नीति २०७९ बमोजिम यस संस्थालाई लेखिदिएको धित्तो लिलाम गरि कर्जा असुल गरिने र सोबाट नपुग भएमा कानुन बमोजिम अन्य चल अचल सम्पत्तिबाट तथा घरघराना समेतबाट बाँकी रकम असुल गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिलः**

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| नाम थर : स्व. धन बहादुर थापा<br>बाबुको नाम : श्री तुल बहादुर थापा<br>बाजेको नाम : श्री पेम बहादुर थापा<br>अस्थायी ठेगाना : वालिङ ०९, स्याङजा<br>स्थायी ठेगाना : वालिङ ०७, स्याङजा | नाम थर : श्री राम बहादुर थापा<br>बाबुको नाम : श्री धन बहादुर थापा<br>बाजेको नाम : श्री पेम बहादुर थापा<br>अस्थायी ठेगाना : वालिङ ०८, स्याङजा<br>स्थायी ठेगाना : वालिङ ०१, स्याङजा |

| जमानीको विवरण | जमानीको विवरण |
|---|---|
| नाम थर : श्री धन कुमारी थापा<br>पतिको नाम : स्व. धन बहादुर थापा<br>ससुराको नाम : श्री पेम बहादुर थापा<br>अस्थायी ठेगाना : रामबाच्छा ०२, स्याङजा<br>स्थायी ठेगाना : पेखुबाघखोर ०३, स्याङजा | नाम थर : श्री धन बहादुर क्षेत्री<br>बाबुको नाम : श्री टिका बहादुर पौडेल<br>बाजेको नाम : श्री जहर सिं पौडेल<br>अस्थायी ठेगाना : वालिङ ०१, स्याङजा<br>स्थायी ठेगाना : वालिङ ०७, स्याङजा |

**जग्गाको विवरण (धित्तोको विवरण):**

| जिल्ला | गा वि सं | वडा नं | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| स्याङजा | बरहकालिका | ०३ | २२०६ | ०-८-१-२ |

**नेपाल आदर्श बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**वालिङ-८, स्याङ्जा**


# अमेरीकामा हुने युवा नेतृत्वमा मदरल्याण्ड माविका ४ विद्यार्थी

**पोखरापत्र संवाददाता**
पोखरा ३१ जेठ




अमेरीकाको वासिङ्टन डीसी र क्यान्सस शहरमा आयोजना हुने युवा नेतृत्व कार्यक्रममा भाग लिन पोखराको मदरल्याण्ड माविका ४ विद्यार्थी जान लागेका छन् ।

उनीहरुलाई बिहीबार गण्डकी प्रदेशकी प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतले अबिर र माला लगाएर विदाइ गरिन् । मदरल्याण्ड माविमा कक्षा १० मा अध्ययनर कृपा बराल र एल्भिना बराल, कक्षा ११ व्यवस्थापनमा अध्ययरत सुबिज्ञा नेपाल र विज्ञान संकायमा अध्ययरत रबिना पौडेल जान लागेका हुन् । उनीहरु अमेरिकी दुतावास नेपालले सञ्चालन गरेको प्रतिष्पर्धामा उत्कृष्ट भई छनौट भएका थिए । नेपालभरबाट १६ जना छात्राहरु छनोट गरेको मदरल्याण्डबाट चार जना पर्न सफल भएका हुन् । विज्ञान, गणित, इन्जिनियरीङ र टेक्नोलोजीका बारेमा नेतृत्व सम्बन्धी तालिम लिने छन् । उनीहरुले महिलाको नेतृत्व, वातावरणीय विकास, खाद्यय सुरक्षा, सस्कृतीका बारेमा समुदायमा बसेर सिक्ने छन् । उनीहरु नेपाल फर्किएपछि पनि आफ्नो परियोजना अनुसार समुदायमा नै काम गर्ने छन् ।

उनीहरुले २१ दिन सम्म अमेरिकामा रहेर अन्य देशका युवाहरु सँगै युवा नेतृत्व कार्यक्रममा सहभागीता जनाउने छन् । उनीहरु अमेरिकन सरकारको व्यवस्थापनमा देशकै प्रतिनिधित्व गरेर सहभागी जनाउन लागेका हुन् । विदाई कार्याक्रममा गण्डकी प्रदेशकी प्रमुख सचिब लक्ष्मी कुमारी बस्नेतले विद्यार्थीलाई पढाइ र सिकाई सँग सँगै भए छिटो सिक्ने सक्ने बताइन् । उनले विद्यार्थीहरुले अमेरिकामा सिकेका कुरा विद्यालयमा आएर अन्य साथीहरुलाई पनि सिकाउदा अझ फलदायी हुने बताइन् । कार्यक्रममा विद्यालयका प्रिन्सीपल नारायण बरालले विद्यालयले विद्यार्थीको चौतर्फीमा लागेको बताउदै त्यसै अनुसार नै विद्यार्थीहरु छनौट भएको बताए ।